०७४ कात्तिक १६ गते

# प्रदेश सभा र प्रतिनिधि सभा निर्वाचनका लागि मनोनयन दर्ता शान्तिपूर्ण

प्रदेश सभा र प्रतिनिधि सभा निर्वाचनका लागि आज कात्तिक १६ गते ४५ जिल्लामा उम्मेदवारको मनोनयन दर्ता शान्तिपूर्णरूपमा सम्पन्न भएको छ । दोस्रो चरणमा निर्वाचन गरिने सबै जिल्लामा शान्तिपूर्ण रूपमा उम्मेदवार मनोनयन सम्पन्न भएको इन्सेक जिल्ला प्रतिनिधिहरू तथा इन्सेकका क्षेत्रीय कार्यालयहरूले जनाएका छन् ।

| क्र.सं | प्रदेश | जिल्ला | स्थानीय तह | मतदाता | | | | प्रतिनिधिसभा निर्वाचन क्षेत्र सङ्ख्या | प्रदेशसभा निर्वाचन क्षेत्र सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पुरुष | महिला | तेस्रो लिङ्गी | जम्मा | | |
| १ | १ | झापा | १० | २८८८६७ | २९६३५२ | ९ | ५८५२२८ | ५ | १० |
| २ | १ | इलाम | ८ | १०४६९३ | ९९३५५ | २ | २०४०५० | २ | ४ |
| ३ | १ | मोरङ | १० | ३२६००६ | ३१८७७७ | २ | ६४४७८५ | ६ | १२ |
| ४ | १ | सुनसरी | ८ | २३६७६६ | २३७५३४ | ० | ४७४३०० | ४ | ८ |
| ५ | १ | धनकुटा | ७ | ५१९३८ | ५३२६१ | ० | १०५१९९ | १ | २ |
| ६ | १ | तेह्रथुम | ६ | ३३५३७ | ३३२०४ | ० | ६६७४१ | १ | २ |
| ७ | १ | उदयपुर | १० | ९८०२३ | ९५८८९ | १ | १९३९१३ | २ | ४ |
| | | जम्मा | ५९ | ११३९८३० | ११३४३७२ | १४ | २२७४२१६ | २१ | ४२ |

प्रतिनिधि र प्रदेश सभाको निर्वाचनका लागि दोस्रो चरण अन्तर्गत ०७४ कात्तिक १६ गते प्रदेश नम्बर १ का ७ र प्रदेश नम्बर २ का दुई ओटा जिल्लामा उम्मेदवारहरूको मनोनयन शान्तिपूर्ण रूपमा दर्ता भएको इन्सेक जिल्ला प्रतिनिधिहरूले जनाएका छन् । मोरङ जिल्ला प्रतिनिधि इन्दिरा भट्टराईका अनुसार प्रदेश र प्रतिनिधि सभाको दोस्रो चरणमा हुने निर्वाचनका लागि मोरङमा उम्मेदवारी दर्ता गर्ने क्रममा केही राजनितिक दलहरूले निर्वाचन आचारसंहिता विपरीत बालबालिकालाई समेत र्‍यालीमा प्रयोग गरेको पाइयो । मोरङमा प्रदेश तथा प्रतिनिधि सभाको निर्वाचनमा ६ लाख ४४ हजार ७ सय ८२ जना मतदाता रहेका छन् । ३ सय मतदान स्थलमा ७ सय ५८ मतदान केन्द्रको व्यवस्था गरिएको निर्वाचन कार्यालयले जनाएको छ ।

सुनसरी जिल्ला प्रतिनिधि शेखर ढकालका अनुसार प्रतिनिधि सभाको ४ र प्रदेश सभाको ८ क्षेत्रमा हुने निर्वाचनका लागि सुनसरीमा १ सय ६६ मतदान स्थल र ५ सय २७ ओटा मतदान केन्द्र तोकिएको छ । यहाँ ४ लाख ७४ हजार ८ सय ३१ मतदाता छन् । धनकुटा जिल्ला प्रतिनिधि सन्तोष रुचाल, तेह्रथुम जिल्ला प्रतिनिधि भगिश्वर लिम्बु, उदयपुर जिल्ला प्रतिनिधि भरत खड्कालगायतले शान्तिपूर्ण रूपमा उम्मेदवारी दर्ता भएको जनाएका छन् । सिरहा जिल्ला प्रतिनिधि दुर्गा परियारका अनुसार ४ ओटा निर्वाचन क्षेत्र रहेको सिरहा जिल्लामा ४ सय ३६ मतदान केन्द्र रहेका छन् । यहाँ ३

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

*मानवअधिकार र सामाजिक न्यायका निम्ति*
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१० (नीलो घर), कलङ्की, पोष्ट बक्स नं. २७२६, काठमाडौं, नेपाल
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
email : insec@insec.org.np
Website : www.insec.org.np, www.inseconline.org

लाख ४४ हजार ३ सय ७० मतदाता रहेको जिल्ला निर्वाचन अधिकृत इन्दिरा यादवले बताइन् । प्रदेश नम्बर १ का इलाम, तेह्रथुम, धनकुटा, उदयपुर, झापा, मोरङ र सुनसरी तथा प्रदेश नम्बर २ का सिरहा र सप्तरीमा आज मनोनयन दर्ता गरिएको इन्सेक क्षेत्रीय कार्यालय विराटनगरले जनाएको छ ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) क्षेत्रीय कार्यालय काठमाडौं अन्तर्गत धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली, रामेछा, रौतहट, बारा, पर्सा, चितवन, मकवानपुर, ललितपुर, काभ्रे, भक्तपुर, काठमाडौं गरी १३ जिल्लामा मङ्सिर २१ गते हुन लागेको दोश्रो चरणको प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनका लागि राजनीतिक दल तथा स्वतन्त्र उम्मेद्वारहरूको उम्मेद्वारी मनोनयन दर्ता उत्साहका साथ शान्तिपूण रूपमा सम्पन्न भएको छ । निर्वाचन आयोगले कात्तिक १६ गते प्रतिनिधि सभा र प्रदेश सभाका लागि उम्मेद्वारी मनोनयन दर्ता गर्ने कार्यतालिका अनुसार एमाले, काङ्ग्रेस र माओवादी लगायतका राजनीतिक दल तथा स्वातन्त्र उम्मेदवरहरूले आज जिल्ला-जिल्लामा उम्मेद्वारी मनोनयन दर्ता गराएको जिल्ला प्रतिनिधिहरूले जनाएका छन् ।

| क्र.सं | प्रदेश | जिल्ला | स्थानीय तह | मतदाता | | | | प्रतिनिधिसभा निर्वाचन क्षेत्र सङ्ख्या | प्रदेशसभा निर्वाचन क्षेत्र सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पुरुष | महिला | तेस्रो लिङ्गी | जम्मा | | |
| १ | २ | सप्तरी | १८ | १७९९८५ | १६६२०६ | २० | ३४६२११ | ४ | ८ |
| २ | २ | सिरहा | १७ | १८४१०२ | १६०२६७ | २ | ३४४३७१ | ४ | ८ |
| ३ | २ | धनुषा | १८ | २१४०३५ | १९०६२८ | ६ | ४०४६६९ | ४ | ८ |
| ४ | २ | महोत्तरी | १५ | १६९८९७ | १४७७९३ | १ | ३१७६९१ | ४ | ८ |
| ५ | २ | सर्लाही | २० | २०९५६६ | १७५९९६ | ८ | ३८५५७० | ४ | ८ |
| ६ | २ | रौतहट | १८ | १८०९४५ | १४८९१५ | १ | ३२९८६१ | ४ | ८ |
| ७ | २ | बारा | १६ | १९३४७८ | १५६४५८ | ११ | ३४९९४७ | ४ | ८ |
| ८ | २ | पर्सा | १४ | १६४६२६ | १२४४०७ | १६ | २८९०४९ | ४ | ८ |
| | | **जम्मा** | **१३६** | **१४९९६३४** | **१२७०६७०** | **६५** | **२७६७३६९** | **३२** | **६४** |

धनुषा जिल्ला प्रतिनिधि विनोद रविदास, महोत्तरी जिल्ला प्रतिनिधि अजयकुमार साह, सिन्धुली जिल्ला प्रतिनिधि विमला पाण्डे, रौतहट जिल्ला प्रतिनिधि विपिन गौतम, बारा जिल्ला प्रतिनिधि लक्ष्मी साह सोनार, पर्सा जिल्ला प्रतिनिधि केसी लामिछाने, चितवन जिल्ला प्रतिनिधि दिपेन्द्र अधिकारी, मकवानपुर जिल्ला प्रतिनिधि प्रताप विष्ट, ललितपुर जिल्ला प्रतिनिधि केशवराज भट्ट, भक्तपुर जिल्ला प्रतिनिधि सविना केसी, काठमाडौं जिल्ला प्रतिनिधि सुभाष साह, काभ्रे जिल्ला प्रतिनिधि भोजराज तिमिल्सिना र सर्लाही जिल्ला प्रतिनिधि सन्तोष कुमार सिंहले उम्मेदवारी दर्ता शान्तिपूर्ण तवरले उम्मेदवारी मनोनयन दर्ता गराएका जानकारी दिएका छन् ।

प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनका लागि प्रदेश नं ४ र ५ का विभिन्न ११ जिल्लाहरूमा शान्तिपुर्ण रूपमा मनोनयन दर्ता भएको ति जिल्लाका प्रतिनिधिहरूले जनाएका छन् ।

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

*मानवअधिकार र सामाजिक न्यायका निम्ति*
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१० (नीलो घर), कलङ्की, पोष्ट बक्स नं. २७२६, काठमाडौं, नेपाल
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
email : insec@insec.org.np
Website : www.insec.org.np, www.inseconline.org

प्रदेश नम्बर ४ का नवलपरासी (बर्दघाट सुस्ता पूर्व), तनहुँ, कास्की, स्याङ्जा र पर्वत तथा प्रदेश नम्बर ५ का अर्घाखाँची, गुल्मी, रुपन्देही, पाल्पा, कपिलवस्तु, र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा कात्तिक १६ गते विभिन्न दलका प्रतिनिधिले प्रतिनिधि सभा र प्रदेश सभाका लागि उम्मेदवारी दर्ता गरेका हुन् ।

| क्र.सं | प्रदेश | जिल्ला | स्थानीय तह | मतदाता | | | | प्रतिनिधिसभा निर्वाचन क्षेत्र सङ्ख्या | प्रदेशसभा निर्वाचन क्षेत्र सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पुरुष | महिला | तेस्रो लिङ्गी | जम्मा | | |
| १ | ३ | सिन्धुली | ९ | ९२५६७ | ८८९५४ | ० | १८१५२१ | २ | ४ |
| २ | ३ | चितवन | ७ | १६९९६५ | १८४०६९ | १ | ३५४०३५ | ३ | ६ |
| ३ | ३ | मकवानपुर | १० | १२९६२० | १२५९६५ | ८ | २५५५९३ | २ | ४ |
| ४ | ३ | ललितपुर | ६ | ११०९०८ | ११७४०६ | २ | २२८३१६ | ३ | ६ |
| ५ | ३ | काभ्रे | १३ | १३६८८८ | १३५३९७ | २ | २७२२८७ | २ | ४ |
| ६ | ३ | भक्तपुर | ४ | ८६४७९ | ९१६१३ | ५ | १७८०९७ | २ | ४ |
| ७ | ३ | काठमाडौं | ११ | २९१८४६ | ३११७६३ | ११ | ६०३६२० | १० | २० |
| | | **जम्मा** | **६०** | **१०१८२७३** | **१०५५१६७** | **२९** | **२०७३४६९** | **२४** | **४८** |

तनहुँ जिल्ला प्रतिनिधि प्रकाशचन्द्र भट्टराई, स्याङ्जा जिल्ला प्रतिनिधि हिमलाल पराजुली, गुल्मी जिल्ला प्रतिनिधि टोपलाल अर्याल, पर्वत जिल्ला प्रतिनिधि किशोर सापकोटा, नवलपरासी जिल्ला प्रतिनिधि नारायण पराजुली, पाल्पा जिल्ला प्रतिनिधि यज्ञमुर्ति तिमल्सेना, कपिलवस्तु जिल्ला प्रतिनिधि नन्दराम पौडेल, अर्घाखाँची जिल्ला प्रतिनिधि नारायण भुसाल, रुपन्देही जिल्ला प्रतिनिधि रीमा बिसीलगायतले मनोनयन दर्ताको काम उत्साह तथा शान्तिपुर्ण रूपमा सम्पन्न भएको छ ।

| क्र.सं | प्रदेश | जिल्ला | स्थानीय तह | मतदाता | | | | प्रतिनिधिसभा निर्वाचन क्षेत्र सङ्ख्या | प्रदेशसभा निर्वाचन क्षेत्र सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पुरुष | महिला | तेस्रो लिङ्गी | जम्मा | | |
| १ | ४ | तनहुँ | १० | ९९१५३ | ११२१०३ | ० | २११२५६ | २ | ४ |
| २ | ४ | स्याङ्जा | ११ | ९९७९८ | ११०२५९ | १ | २१००५८ | २ | ४ |
| ३ | ४ | कास्की | ५ | ११९३०२ | १३६१७५ | ४ | २५५४८१ | ३ | ६ |
| ४ | ४ | नवलपरासी | ८ | १०३३६१ | ११८३५१ | ३ | २२१७१५ | २ | ४ |
| ५ | ४ | पर्वत | ७ | ५१८१३ | ५५४८५ | ० | १०७२९८ | १ | २ |
| | | **जम्मा** | **४१** | **४७३४२७** | **५३२३७३** | **८** | **१००५८०८** | **१०** | **२०** |

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

*मानवअधिकार र सामाजिक न्यायका निम्ति*
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१० (नीलो घर), कलङ्की, पोष्ट बक्स नं. २७२६, काठमाडौं, नेपाल
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
email : insec@insec.org.np
Website : www.insec.org.np, www.inseconline.org

कास्की जिल्ला प्रतिनिधि सङ्गिता भाटका अनुसार कास्की जिल्लामा प्रतिनिधि सभा र प्रदेश सभा दिउँसो १२ बजेदेखि सुरू भएको मनोनयन दर्ता कार्यक्रम शान्तिपुर्ण रहेपनि आचारसंहिता विपरीत ठूला आकारका झण्डा तथा मोटरसाईकल ऱ्याली गरिएको थियो । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), राष्ट्रिय मानव अधिकार आयोग, पत्रकार, महिला तथा बालबालिका कार्यलयलगायतले मनोनयन दर्ताको अनुगमन गरेको इन्सेक क्षेत्रीय कार्यलय पोखराले जनाएको छ ।

| क.सं | प्रदेश | जिल्ला | स्थानीय तह | मतदाता | | | | प्रतिनिधिसभा निर्वाचन क्षेत्र सङ्ख्या | प्रदेशसभा निर्वाचन क्षेत्र सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पुरुष | महिला | तेस्रो लिङ्गी | जम्मा | | |
| १ | ५ | रुपन्देही | १६ | २७००३६ | २५२५५४ | ६ | ५२२५९६ | ५ | १० |
| २ | ५ | पाल्पा | १० | ८६४१६ | ९४८२९ | १ | १८१२४६ | २ | ४ |
| ३ | ५ | कपिलवस्तु | १० | १६९४६५ | १४२२९५ | २ | ३११७६२ | ३ | ६ |
| ४ | ५ | अर्घाखाँची | ६ | ६६९७४ | ७१३५३ | ० | १३८३२७ | १ | २ |
| ५ | ५ | गुल्मी | १२ | ९४६७५ | १०१६६१ | १ | १९६३३७ | २ | ४ |
| ६ | ५ | नवलपरासी | ७ | १०५५४८ | १०२६८५ | ५ | २०८२३८ | २ | ४ |
| ७ | ५ | दाङ | १० | १६६१०० | १७२८१२ | २ | ३३८९१४ | ३ | ६ |
| ८ | ५ | प्युठान | ९ | ६६०३८ | ७२६०० | १ | १३८६३९ | १ | २ |
| ९ | ५ | बाँके | ८ | १४१४४६ | १३५२६६ | ३ | २७६७१५ | ३ | ६ |
| १० | ५ | बर्दिया | ८ | १३४४२८ | १३८०४४ | ६ | २७२४७८ | २ | ४ |
| | | **जम्मा** | **९६** | **१३०११२६** | **१२८४०९९** | **२७** | **२५८५२५२** | **२४** | **४८** |

मङ्सिर २१ गते हुने प्रदेश सभा र प्रतिनिधि सभा निर्वाचनका लागि प्रदेश नम्बर ५ का दाङ, प्यूठान, बाँके, बर्दिया र प्रदेश नम्बर ६ का सल्यान, सुर्खेत र दैलेख जिल्लामा उम्मेदवारी मनोनयन दर्ता कार्यक्रम कात्तिक १६ गते शान्तिपुर्ण रूपमा सम्पन्न भएको सम्बन्धित जिल्लाका इन्सेक प्रतिनिधिले जनाएका छन् ।

प्यूठान जिल्ला प्रतिनिधि रविन्द्र पाण्डे, सुर्खेत जिल्ला प्रतिनिधि दुर्गा थापा, दैलेख जिल्ला प्रतिनिधि अमर सुनार, बर्दिया जिल्ला प्रतिनिधि मानबहादुर चौधरीले उम्मेदवारी शान्तिपूर्ण रूपमा सम्पन्न भएको जनाएका छन् । दाङ जिल्ला प्रतिनिधि जयनारायण पुन र बाँके जिल्ला प्रतिनिधि विनोद पाण्डका अनुसार उम्मेदवारहरुले मनोनयन दर्ताको क्रममा बाम गठबन्धन र काङग्रेसको ऱ्यालीमा बालबालिका प्रयोग भएको पाइयो । सल्यान जिल्ला प्रतिनिधि मीना बुढाथोकीका अनुसार ऱ्यालीका क्रममा राप्रपा नेपाल र बाम गठबन्धनले निर्वाचन आचारसंहिता उल्लघङ्न गरेको पाइयो । राप्रपाको ऱ्यालीका क्रममा बालबालिकाले झण्डा समाएको देखिन्थ्यो । साथै बामगठबन्धनको ऱ्यालीमा पनि बालबालिकाको सहभागिता रहेको इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जले जनाएको छ ।

*मानवअधिकार र सामाजिक न्यायका निम्ति*
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१० (नीलो घर), कलङ्की, पोष्ट बक्स नं. २७२६, काठमाडौं, नेपाल
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
email : insec@insec.org.np
Website : www.insec.org.np, www.inseconline.org

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

| क्र.सं | प्रदेश | जिल्ला | स्थानीय तह | मतदाता | | | | प्रतिनिधिसभा निर्वाचन क्षेत्र सङ्ख्या | प्रदेशसभा निर्वाचन क्षेत्र सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पुरुष | महिला | तेस्रो लिङ्गी | जम्मा | | |
| १ | ६ | सल्यान | १० | ६७३९२ | ६६८२० | ० | १३४२१२ | १ | २ |
| २ | ६ | सुर्खेत | ९ | ९८७०३ | १०५८७२ | ० | २०४५७५ | २ | ४ |
| ३ | ६ | दैलेख | ११ | ६९४९९ | ७०४४५ | ० | १३९९४४ | २ | ४ |
| | | **जम्मा** | **३०** | **२३५५९४** | **२४३१३७** | **०** | **४७८७३१** | **५** | **१०** |

आगामी मङ्सिर २१ गते हुन गैरहेको प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनका लागि ७ नम्बर प्रदेश अन्तर्गतका कैलाली, कञ्चनपुर, डडेल्धुरा, डोटी र अछाम जिल्लामा शान्तिपुर्ण रूपमा मनोनयन दार्ता कार्यक्रम सम्पन्न भएको इन्सेक जिल्ला प्रतिनिधिहरूले बताएका छन् । कैलाली इन्सेक जिल्ला प्रतिनिधि रविना चौधरीका अनुसार कैलालीमा शान्तिपुर्ण रूपमा उम्मेदवारी दर्ता भएको छ । प्रतिनिधि सभाका लागि ५ र प्रदेश सभाका लागि १० क्षेत्र निर्धारण गरिएको कैलालीमा २ सय ३१ ओटा मतदान केन्द्र रहेकामा ७७ ओटा मतदान केन्द्र अति सम्वेदनशील, १ सय १७ ओटा सम्वेदनशील र ३७ ओटा सामान्य रहेको जिल्ला सुरक्षा समितले जनाएको छ । अछाम जिल्ला प्रतिनिधि शिवराज ढुङ्गाना, डडेल्धुरा जिल्ला प्रतिनिधि भुपेन्द्र बिष्ट, कञ्चनपुर जिल्ला प्रतिनिधि कोमलनिरञ्जन भाट, डोटी जिल्ला प्रतिनिधि दीर्घ खत्रीका अनुसार दोस्रो चरणमा हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि मनोनयन दर्ता कार्यक्रम उत्साह र शान्तिपुर्ण रूपमा सम्पन्न भएको इन्सेक क्षेत्रीय कार्यालय धनगढीले जनाएको छ ।

| क्र.सं | प्रदेश | जिल्ला | स्थानीय तह | मतदाता | | | | प्रतिनिधिसभा निर्वाचन क्षेत्र सङ्ख्या | प्रदेशसभा निर्वाचन क्षेत्र सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पुरुष | महिला | तेस्रो लिङ्गी | जम्मा | | |
| १ | ७ | कैलाली | १३ | २२३५०९ | २३७०६३ | ८ | ४६०५८० | ५ | १० |
| २ | ७ | अछाम | १० | ६४७७६ | ७२१२५ | २ | १३६९०३ | २ | ४ |
| ३ | ७ | डोटी | ९ | ४९१४३ | ५७४०० | ० | १०६५४३ | १ | २ |
| ४ | ७ | कञ्चनपुर | ९ | १२८५२३ | १३४६५१ | १ | २६३१७५ | ३ | ६ |
| ५ | ७ | डडेल्धुरा | ७ | ४०१५६ | ४१५७६ | ० | ८१७३२ | १ | २ |
| | | **जम्मा** | **४८** | **५०६१०७** | **५४२८१५** | **११** | **१०४८९३३** | **१२** | **२४** |

**निष्कर्ष**

नेपालको संविधान कार्यान्वयनका लागि २०७४ माघ ७ गतेभित्र सम्पन्न हुनुपर्ने स्थानीय तह, प्रदेश र प्रतिनिधि सभाको निर्वाचनमध्ये स्थानीय तहको निर्वाचन सम्पन्न भई स्थानीय तहले आफ्नो कार्य शुरु गरिसकेका छन् । संविधान कार्यान्वयनको प्रस्थान विन्दुका रूपमा रहेको तीन


नागार्जुन नपा-१० (नीलो घर), कलङ्की, पोष्ट बक्स नं. २७२६, काठमाडौं, नेपाल
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
email : insec@insec.org.np
Website : www.insec.org.np, www.inseconline.org

तहको निर्वाचन समयमै सम्पन्न हुन सके संविधान कार्यान्वयनको एक ठूलो खुड्किलो पूरा हुनेछ भने संविधान सभाका ९० प्रतिशतभन्दा बढी सदस्यको सहभागितामा बनेको नेपालको संविधान कार्यान्वयन नहोस् भनी चाहना राख्ने सतहमा देखिएका र अदृश्य शक्तिलाई पक्कै पनि निराश पार्नेछ ।

निर्वाचन आचारसंहिता पालना गर्नुपर्ने विभिन्न क्षेत्र, निकायमध्ये सबैभन्दा बढी जिम्मेवार सरकार हो । तर, आचारसंहिता जारी भएदेखि सबैभन्दा बढी आचारसंहिताको उल्लङ्घन सरकारबाटै हुँदै आएको छ । सरकार आचारसंहिता उल्लङ्घन गरिरहने र आयोग त्यसलाई वैधानिक मान्यता दिइरहने क्रम चलिरहेको छ । २ जना राज्यमन्त्री नियुक्ति गर्दा पत्र लेखेर सरकारलाई निर्णय फिर्ता लिन आग्रह गर्ने निर्वाचन आयोगले उपप्रधानमन्त्रीसहित ६ जना मन्त्री नियुक्त गर्दा मन्त्री थप्दा आचारसंहिता उल्लङ्घन नहुने भनी आयोगका प्रमुख आयुक्तले गरेको टिप्पणी आचारसंहिता विपरीत सरकारी कदमलाई वैधानिकता बाहेक अरु केही हुन सक्दैन । आचारसंहिता विपरीत प्रहरीमा व्यापक सरुवा, सचिवहरूको हेरफेरलगायतका सरकारी कदमलाई कुनै कोणबाट पनि उपर्युक्त मान्न सकिन्न । तर, आयोगले त्यस्ता कदमहरूलाई अन्देखा गरिरहेको छ । यो कदमबाट आयोगको निश्पक्षता, स्वतन्त्रता र स्वायत्तताका बारेमा निकै गम्भीर प्रश्न उठेका छन् ।

प्रमुख राजनीतिक दलका विपरीत धारका अडान तोकिएकै समयमा निर्वाचन सम्पन्न गर्न बाधक बन्छन् की भन्ने अड्कलबाजीकाबीच जनताको व्यापक सहभागितामा भर्खरै सकिएका स्थानीय तहको निर्वाचनले निर्वाचनको सुनिश्चितताको बाटो देखाएको छ । मधेसकेन्द्रित दलहरूको माग सम्बोधन गर्न भन्दै लामो समयसम्म देश अनिर्णयको बन्दी भयो । सरकारले व्यवस्थापिका-संसद्मा प्रस्तुत गरेको संविधान संशोधनको प्रस्ताव जसरी पनि पारित गराएरै छाड्ने सत्ताधारी ( खासगरी नेपाली कङ्ग्रेस र माओवादी केन्द्र) दलको अडान भए पनि संशोधन विधेयक पारित गर्न आवश्यक दुईतिहाइ मत नपुगेपछि संविधान संशोधन हुन सकेन । संविधानको विरोधमा रहेका मधेस केन्द्रित दलहरू पनि निर्वाचनमा सहभागी हुने भएपछि संविधानको स्वीकार्यता बढ्नेमा दुईमत नहोला ।

यसबीचमा राजपाका नेता सर्वेन्द्रनाथ शुक्लाले निर्वाचन प्रक्रिया रोक्नुपर्ने, समानुपातिक तर्फको निर्वाचनका लागि प्रदेश सभा र प्रतिनिधि सभाको मतपत्र फरकफरक हुनुपर्ने लगायतका माग राख्दै सर्वोच्चमा रिट दायर गरेपछि अदालतले निर्वाचन आयोगलाई सोधेको थियो । आयोगले अदालतको सम्मान गर्दै छुट्टाछुट्टै मतपत्र छाप्न सुरू गरेको भनी अदालतमा जबाफ पठाइसकेको छ । योसँगै निर्वाचन हुँदैन कि भन्ने आशङ्का मेटिएको छ । नयाँ राजनीतिक प्रणालीलाई संस्थागत गर्दै अघि बढ्न नयाँ संविधानको बलियो कार्यान्वयन आवश्यक छ । स्थानीय तह निर्वाचनबाट प्रारम्भ भएको त्यो कार्यान्वयनको बाटो प्रदेश र केन्द्रको चुनावको सफलतापूर्वक सम्पन्न भएसँगै थप अघि बढ्नेछ । त्यसकारण सबै अग्रगामी राजनीतिक शक्ति चुनावमै एकोहोरिनुको विकल्प छैन ।

*मानव अधिकार प्रलेख तथा प्रसार कार्यक्रम,*
*इन्सेक*
*(फोटो: इन्सेक जिल्ला प्रतिनिधि)*

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

*मानवअधिकार र सामाजिक न्यायका निम्ति*
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१० (नीलो घर), कलङ्की, पोष्ट बक्स नं. २७२६, काठमाडौं, नेपाल
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
email : insec@insec.org.np
Website : www.insec.org.np, www.inseconline.org